NIC ASIA
एन आई सी एशिया बैंक लि.

The Banker Bank of the Year 2007 NEPAL

The Banker Bank of the Year 2013 NEPAL

# प्रेस विज्ञप्ती

**मिति : २०७४/०९/२५**

यस बैंकले मिति १३ पुस २०७४ तदनुसार सन् २८ डिसेम्बर, २०१७ बाट बिक्री खुल्ला गरेको रु.३ अर्ब रुपैंयाँ बराबरको "९ प्रतिशत एन आई सी एशिया डिबेन्चर २०८१/८२" मा बैंकिङ्ग क्षेत्रमा तरलता एवं व्याजदरको तीव्र उतारचढावको वावजुद पनि लगानीकर्ताहरुले उत्साहजनक सहभागिता जनाई पूरै रु.३ अर्ब रुपैंयाँ बराबरको सम्पूर्ण डिबेन्चरका लागि आवेदन गरेकोले उक्त डिबेन्चरको बिक्री मिति २१ पुस, २०७४ तदनुसार सन् ०५ जनवरी, २०१८ मा नै आवेदन लिने कार्य बन्द गरिएकोमा आज मिति २५ पुस २०७४ तदनुसार सन् ०९ जनवरी २०१८ मा बाँडफाँड गरिएको छ । उक्त डिबेन्चरका डिबेन्चरधनीहरुले सोही मितिबाट अर्ध वार्षिक रुपमा ९ प्रतिशत व्याज प्राप्त गर्नेछन् ।

विगतको दशक देखी बैंकिङ्ग क्षेत्रमा कायम रहेको व्याजदरको स्थितिलाई मध्यनजर गर्दा ७ वर्षको अवधिका लागि ९ प्रतिशत व्याजदरलाई लगानीका लागि उत्कृष्ट अवसरका रुपमा लिन सकिन्छ । यस बैंकले जारी गरेको नेपालकै हालसम्मकै सर्वाधिक उच्च राशीको डिबेन्चर नेपालको पूँजी बजारमा धितोपत्र बजारको विकासमा कोशेढुंगा सावित हुने विश्वास लिएका छौं । यसले देशको पूँजी बजार विकासमा सकारात्मक टेवा पुर्‍याउने अपेक्षा यस बैंकले लिएको छ ।

निकट भविष्यमा उक्त डिबेन्चर नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिनेछ, जस पश्चात दोस्रो बजार (Secondary market) मा समेत सोको खरिद बिक्री कारोवार गर्न सकिनेछ ।

यस डिबेन्चर जारी गर्ने प्रक्रियामा सम्पूर्ण लगानीकर्ताहरुले देखाउनु भएको उत्साहजनक सहभागिता एवं सम्पूर्ण सर्वसाधारण, ग्राहकवर्ग तथा संस्थागत लगानीकर्ताले यस बैंक प्रति दर्शाउनु भएको भरोसा एवं विश्वास प्रति हामी कृतज्ञ एवं आभारी छौं ।

अन्त्यमा, यस डिबेन्चर बिक्री प्रक्रियालाई भव्य रुपमा सफल बनाउन अतुलनीय योगदान पुर्‍यााउनु हुने सम्पूर्ण नियमन निकायहरु, बिक्री प्रबन्धक तथा लगानीकर्ताहरु प्रति यस बैंक प्रति देखाउनु भएको सहयोग तथा सद्भावका लागि हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछौं ।

विस्तृत विवरणका लागि यस बैंकको वेभसाईट "www.nicasiabank.com" हेर्नुहुन अनुरोध छ ।

**रोशन कुमार न्यौपाने**
**प्रमुख सुचना अधिकृत**
**मिति: २०७४/०९/२५**

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU